# स्थानीय राजपत्र

रघुगंगा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ मौवाफाँट, म्याग्दी, चैत १५ गते, २०८२ साल

## भाग-२

## रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रघुगंगा गाउँपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८२ सालको कार्यविधि संख्या नं. ११

# विद्यालय मर्ज, दरबन्दी मिलान तथा शिक्षक समायोजन कार्यविधि, २०८२

# विद्यालय मर्ज, दरबन्दी मिलान तथा शिक्षक समायोजन कार्यविधि, २०८२

**प्रस्तावनाः**

रघुगंगा गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या, शिक्षक दरबन्दी, भौगोलिक पहुँच, शैक्षिक गुणस्तर तथा उपलब्ध स्रोत–साधनको प्रभावकारी उपयोग सुनिश्चित गर्न विद्यालय मर्ज, दरबन्दी मिलान तथा शिक्षक समायोजन कार्यलाई व्यवस्थित, पारदर्शी र वस्तुनिष्ठ बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाउँ शिक्षा ऐनको अधिकार प्रयोग गरी रघुगंगा गाउँपालिकाको मिति २०८२।१२।१५ गतेको कार्यापालिकाको निर्णयबाट स्वीकृत गरी जारी गरिएको छ ।

**प्रारम्भिकः**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "विद्यालय मर्ज, दरबन्दी मिलान तथा शिक्षक समायोजन कार्यविधि, २०८२" रहनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा–

(क) "गाउँपालिका" भन्नाले रघुगंगा गाउँपालिकालाई जनाउँछ।

(ख) "कार्यपालिका" भन्नाले रघुगंगा गाउँ कार्यपालिकालाई जनाउँछ।

(ग) "विद्यालय मर्ज" भन्नाले दुई वा दुईभन्दा बढी विद्यालयलाई एकीकृत गर्ने कार्यलाई जनाउँछ।

(घ) "दरबन्दी मिलान" भन्नाले शिक्षक दरबन्दीलाई आवश्यकता अनुसार पुनः वितरण गर्ने कार्यलाई जनाउँछ।

(ङ) "समायोजन" भन्नाले शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा व्यवस्थापन गर्ने कार्यलाई जनाउँछ।

**३. उद्देश्य**

१. विद्यालयहरूको आवश्यकता अनुसार विद्यालय मर्ज तथा समायोजन गर्नु।
२. शिक्षक दरबन्दीको न्यायोचित वितरण तथा मिलान सुनिश्चित गर्नु।
३. शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु।
४. उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्नु।
५. शिक्षा क्षेत्रमा हुने अनावश्यक आर्थिक भार न्यूनीकरण गर्नु।

## ४. कानुनी आधार

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- शिक्षा ऐन, २०२८ तथा नियमावली
- विद्यालय शिक्षा सम्बन्धी प्रचलित कानुन
- गाउँ शिक्षा ऐन तथा नियमावली

## ५. कार्यदल गठनः

देहाय बमोजिमको कार्यदल रहनेछ ।

| | |
|---|---|
| संयोजक | श्री मन कुमार सेरपुन्जा पुन (वडा अध्यक्ष) |
| सदस्य | श्री अमृत भण्डारी (वडा अध्यक्ष) |
| सदस्य | श्री थक बहादुर पाईजा (वडा अध्यक्ष) |
| सदस्य | श्री रमेश सिंह ठकुरी (प्रधानाध्यापक) |
| सदस्य | श्री यु बहादुर गर्बुजा (प्रधानाध्यापक) |
| सचिव | श्री नहेन्द्र बहादुर क्षेत्री (सहायक शिक्षा अधिकृत) |

कार्यदलले आवश्यकतानुसारका सदस्य आमन्त्रित गर्न सक्नेछ ।

## ६. कार्यदलको काम र कर्तव्य

**(क) विद्यालय मर्ज सम्बन्धी**

- विद्यार्थी सङ्ख्या, दूरी तथा भौगोलिक अवस्थाको अध्ययन गर्ने।
- मर्ज गर्न उपयुक्त विद्यालयहरूको पहिचान गर्ने।
- सरोकारवालासँग छलफल गर्ने।
- आवश्यक प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने।

**(ख) दरबन्दी मिलान सम्बन्धी**

- विद्यालयगत शिक्षक विवरण संकलन गर्ने।
- विद्यार्थीशिक्षक अनुपात विश्लेषण गर्ने।-
- बढी तथा न्यून दरबन्दी भएका विद्यालय पहिचान गर्ने।
- दरबन्दी पुनर्वितरणको सिफारिस गर्ने।
- विषयगत आवश्यकता विश्लेषण गर्ने।
- शिक्षकको सेवा अवधि, योग्यता र आवश्यकता अध्ययन गर्ने।
- समायोजनको मापदण्ड अनुसार सिफारिस गर्ने।

## ७.आर्थिक अवस्थाः

**(क) बजेट व्यवस्था**

कार्यदल सञ्चालनका लागि गाउँपालिकाको स्वीकृत बजेट अन्तर्गत विविध कार्यक्रम खर्च बाट देहायको खर्च व्यहोर्ने व्यवस्था गरिनेछ।

१ बैठक भत्ता

कार्यदलले आवश्यकतानुसा बैठक बस्न सक्नेछ । कार्यदलका सदस्य तथा आमन्त्रित सदस्यलाई नियमानुसारको बैठक भत्ता उपलब्ध गराइनेछ ।

२ अनुगमन तथा स्थलगत अध्ययन का लागी यातायात खर्च तथा अन्य खाजा खाना खर्च प्रमाणित तथा स्वीकृत विल अनुसार भुक्तानी गर्न सकिनेछ ।

८. प्रतिवेदन तयार गर्नेः

कार्यदलले गठन भएको मितिले बढीमा ३० दिनभित्र अध्ययन सम्पन्न गरी प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ

९ .अनुगमन तथा मूल्याङ्कनड

गाउँ कार्यपालिकाले कार्यदलको कामको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

१०. लागू हुने मितिः गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार

११.बाधा अड्काउ फुकाउने अधिकार

यस मापदण्ड कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले
कुलराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत